महाङ्काल गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

गोटिखेल, ललितपुर

३ नं. प्रदेश नेपाल

प.सं.:- २०७५/७६

चलानी नं.:-

---

विषयःप्रारम्भिक सहकारी संस्थाहरुसंग आवेदन आह्वान गरिएको सूचना !!!

यस महाङ्काल गाउँपालिकामा आ.व २०७५/७६ देखि नेपाल सरकार , भुमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र संयुक्त राष्ट्रसंघ विकास कार्यक्रमको संयुक्तरुपमा संचालित सहकारी विकास कार्यक्रम ( Cooperative Market Development Programme, CMDP) लागु भएको छ। यस कार्यक्रमको मूख्य उदेश्य कृषकहरुलाई प्रारम्भिक सहकारी संस्थाहरुमा आबद्ध गराउँदै सहकारी संस्थामार्फत कृषकहरुबाट उत्पादित फलफुल तथा तरकारी पकेट क्षेत्र, स्थानीय तह, जिल्ला र केन्द्रीय स्तरमा संचालन हुने सहकारी बजार सम्म पुर्याउन आवश्यक प्राविधिक,पुर्वाधार विकास तथा नीतिगत सहयोग प्रदान गर्ने रहेको छ । तसर्थ, यस महाङ्काल गाउँपालिका अन्तर्गतको देहायमा उल्लेखित पकेट क्षेत्रमा कार्य क्षेत्र भएका योग्य र यस कार्य क्षेत्रगत शर्त (ToR) अनुसार कार्य गर्न इच्छुक प्रारम्भिक सहकारी संस्थाहरुलाई तपशिल बमोजिमको कागजपत्र सहित मिति २०७५/०७/१२ गतेको सुचना देखि ७ दिन भित्र (निवेदन बुझाउने अन्तिम दिनमा सार्वजनिक बिदा पर्न गएमा लगतै कार्यालय खोलेको दिन) यस कार्यालयमा आवेदन पेश गर्न यो सुचना प्रकाशन गरिएको छ।

**<u>पकेट क्षेत्रहरुः</u>**

१) महाङ्काल गा.पा-३ गोटिखेल (टुंगुनखोला)

२) महाङ्काल गा.पा-२ (मानिखेल)

३) महाङ्काल गा.पा-५ (चन्दनपुर)

४) महाङ्काल गा.पा-६ (ठुलादुर्लुङ)

**<u>आवेदन पेश गर्ने सहकारी संस्थाको योग्यता र पेश गर्नुपर्ने कागजातहरुः</u>**

**(१) न्युनतम योग्यताः कार्यक्रमसँग सहकार्य गर्ने प्रारम्भिक सहकारी संस्थाको देहाय बमोजिमका योग्यता हुनुपर्नेछः**

- सम्बन्धित निकायमा सहकारी दर्ता भएको,
- नियमितरुपमा साधाराण सभा भएको,
- प्रारम्भिक सहकारी संस्थाको मूख्य कारोबार कृषि वा फलफूल तथा तरकारी उत्पादन र बजारीकरण भएको,
- पछिल्लो आ.व को आय व्ययको लेखापरिक्षण भएको,
- प्रारम्भिक सहकारी संस्था मुल्य अभिवृद्धि करमा दर्ता भएको वा स्थायी लेखा नम्बर लिएको,
- पछिल्लो आ.व को कर बुझाएको हुनुपर्ने वा कर छुट भएको भए सम्बन्धित कार्यालयको कर छुटसम्बन्धि प्रमाणपत्र भएको,

- प्रचलित एन कानून बमोजिम कालो सूचिमा नपरेको,
- सम्बन्धित फलफूल तथा तरकारी पकेट क्षेत्रका संकलन केन्द्र संचालन तथा व्यवस्थापन गर्ने प्रतिबद्धता

**(२) आवेदन साथ देहाय बमोजिमको कागजपत्र पेश गर्नुपर्ने छः**

- सहकारी दर्ताको प्रमाणपत्रको प्रतिलिपि,
- पछिल्लो आ.व को साधारण सभाको निर्णयको प्रतिलिपि वा १ वर्ष पुरा नभएको प्रारम्भिक सहकारी संस्थाको हकमा प्रारम्भिक साधारणसभाको निर्णयको प्रतिलिपि,
- प्रारम्भिक सहकारी संस्थाको विनियमको प्रतिलिपि,
- पछिल्लो आ.व को लेखापरिक्षण प्रतिवेदनको प्रतिलिपि र १ वर्ष पुरा नभएको प्रारम्भिक सहकारी संस्थाको हकमा गत महिनाको मासिक वितिय प्रतिवेदनका साथै ऋण लिएका सदस्यहरुको विवरण,
- प्रारम्भिक सहकारी संस्था मुल्य अभिवृद्धि करमा दर्ता भएको वा स्थायी लेखा नम्बर लिएको भए सो को प्रमाणपत्र,
- पछिल्लो आ.व को कर बुझाएको रसिद वा कर छुट भएको भए सम्बन्धित कार्यालयको कर छुटसम्बन्धि प्रमाणपत्र,
- प्रारम्भिक सहकारी संस्थामा रहेका कृषक सदस्यहरुको संख्या (लैंगिक तथा सामाजिक समावेशी विवरण समेत खुलेको),
- प्रारम्भिक सहकारी संस्थामा रहेका कुल सदस्यहरुको संख्या (लैंगिक तथा सामाजिक समावेशी विवरण समेत खुलेको),
- सहकारीमा कार्यरत कर्मचारीको विवरण (पद, काम, लैंगिक तथा सामाजिक समावेशी विवरण समेत खुलेको),
- विभिन्न समितिको पद सहितको नामावली (संचालक समिति, लेखा सुपरिवेक्षण समिति),
- संचालक समितिको गत आ.व को सम्पुर्ण बैठकको प्रतिलिपि,
- प्रारम्भिक सहकारी संस्थाको व्यावसायिक योजना वा बजार योजना भए त्यसको प्रतिलिपि वा योजनाको सारांश विवरण,
- सदस्य केन्द्रित भई मात्र कारोबार गरेको स्वघोषणा पत्र,
- आर्थिक तथा प्रशासनिक नियामावलीको प्रतिलिपि,
- लेखा सुपरिवेक्षण समिति गठन भएको बैठकको निर्णय तथा समितिको प्रतिवेदन प्रतिलिपि

२०७५/६/१२

प्रमुख प्रशासकीय अधिकृत

महाङ्काल गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

गोटिखेल, ललितपुर

३ नं. प्रदेश नेपाल

महाङ्काल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गोटिखेल, ललितपुर ३ नं. प्रदेश, नेपाल २०७३

प.सं.:- २०७५/७६

चलानी नं.:-

- सहकारीमार्फत सदस्यहरुलाई कृषि तथा सहकारीको क्षेत्रमा विभिन्न क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरको सूचि,
- पुर्वाधार निर्माण (संकलन केन्द्र, सिँचाइ, मेशिन, औजार, बजार संचालन आदि) मा प्रारम्भिक सहकारीसंस्थाको लागत साझेदारी प्रतिवद्धता पत्र (कम्तिमा ३० प्रतिशत)। यसरी प्रतिवद्धता जनाउँदा सबभन्दा बढि साझेदारी जनाउने प्रारम्भिक सहकारी संस्थालाई प्राथमिकता दिइने छ,
- विभिन्न फलफूल तथा तरकारी बजार (कालिमाटी, बालाजु, चितवन, बल्खु, पोखरा वा अन्य कुनै स्थान )मा उत्पादनको बजारीकरण गरेको भए सो बजारसँगको सम्झौता पत्र,
- फलफूल तथा तरकारी प्रवर्द्धन तथा बजारीकरणका लागि अन्य परियोजनासँग सहकार्य गरेको भए सो बजारसँगको सम्झौता पत्र,
- फलफूल तथा तरकारी उत्पादन संकलन केन्द्र निर्माण गर्न सहकारीसँग जग्गा भए लालपुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिएको भए सो को प्रतिलिपि वा जग्गा भाडामा नलिएको भए कार्यक्रम प्रयोजनका लागि जग्गा भाडामा लिन सक्ने सम्भावनाको प्रतिवद्धता पत्र,
- सम्बन्धित फलफूल तथा तरकारी पकेट क्षेत्रका संकलन केन्द्र संचालन तथा व्यवस्थापन गर्ने प्रतिवद्धता पत्र,
- कार्यालय संचालनका लागि सहकारी सँस्थासँग भएको श्रोत साधनको सूचि जस्तैः कार्यालय कोठा, कम्प्युटर, प्रिन्टर, मोटरसाइकल,आदि,
- पछिल्लो आ.व को सार्वजनिक परिक्षण वा सामाजिक परिक्षणको प्रतिलिपि,
- सहकारीको कार्यालय खुलेको कागजात,

**नोटः माथि उल्लेखित कागजपत्रहरुको आधारमा छनोट समितिले प्रारम्भिक सहकारी संस्थाको मुल्याङकन गर्ने छ।**

**पुनश्चः यस सम्बन्धि विस्तृत विवरण महाङ्काल गाउँपलिकाको कार्यालयको वेभ साइट *www.mahankalmun.gov.np* मा हेर्न सकिनेछ।**

२०७५/८/१२

प्रशासकीय अधिकृत